**खोटेहाङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री कविता राईद्वारा प्रस्तुत चालु आ.व. २०७५।०७६ को लागि गाउँसभाले स्विकृत गरेको संसोधित अनुमानित आय तथा व्यय लाई कार्यन्वयन गर्न पेश भएको पुरक विनियोजन विधेयक २०७५**

खोटेहाङ गाउँपालिकाको चौथो गाउँसभा बैठकका श्रद्धेय सभाध्यक्ष महोदय,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरु
गाउँसभाका सदस्यज्यूहरु ,कर्मचारी साथीहरु ,संचारकर्मी मित्रहरु ।

मुलुकमा संघीय शासन व्यवस्था लागु भई स्थानीय तहको निर्वाचन बाट निर्वाचित जन प्रतिनिधिहरु बाट स्थानिय तह संचालन भई रहेको व्यहोरा विदितै छ । नेपालको संविधान २०७२ ले स्थानिय तहलाई जनताको सरकारको रुपमा परीभाषीत गरेको छ, जसलाई नेपालको इतिहासमा सुनौलो र गर्विलो शासन व्यवस्थाको रुपमा विकसित गर्न खोजिएको छ । यो अवसर ल्याउनका लागि विभिन्न चरणमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन आहूती दिने संपूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धा व्यक्त गर्दछु ।
परिवर्तित शासन प्रणालीको यस अवधिपछि आम जनताको मनमा “के भयो त ?” भन्ने जिज्ञासा छ । यस जिज्ञासाभित्र फगत परिवर्तनको स्वरुप मात्र खोजिएको छैन, विगतको भन्दा “राम्रो” को अपेक्षा पनि छ । स्थानीय जनताको यही सामूहिक मनोभावलाई ध्यानमा राखेर विगत वर्षको अनुभव लाई आधार मान्दै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको सल्लाह र सुझाब लिएर चालु आ.व.०७५।०७६ को अर्धवार्षिक अवधिको समिक्षा र मुल्याङ्कन गर्दै चालु आ.व.को लागि गाउँसभाले स्विकृत गरेको अनुमानित आय तथा व्ययलाई संसोधन सहित थप कार्यन्वयन गर्न गाउँसभाको कार्य संचालन नियमावली २०७४ को दफा ६६ को उपदफा १ बमोजीम पुरक विनियोजन विधेयक स्विकृतिका लागि सम्मानित गाउँसभा समक्ष पेश गर्दछु ।

**चालु आ.व. ०७५।०७६ को अर्ध वार्षिक अवधिको समीक्षा**

चालु आर्थिक वर्षका लागि गाउँसभाले स्विकृत गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रगति ५५ प्रतिशतले कार्यान्वयन भएको छ । योजना तथा कार्यक्रमहरुको कार्य सम्पादन पछिल्लो समयमा आएर निकै गतिशिल भएको छ । यसलाई हेर्दा हाम्रो गाउँपालिकाले २०७६ वैशाख मसान्त सम्ममा सम्पूर्ण योजनाहरु सम्पन्न गर्ने लक्ष्यलाई पुरा गर्न सकिने देखिन्छ । कार्यान्वयनको पक्षलाई थप प्रभावकारी बनाउन गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखा र कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी कर्तव्यनिष्ठ भएर पुरा गर्नु हुनेछ जसबाट खोटेहाङ गाउँपालिकाको समग्र विकासको रुप देखाउन सकिनेछ भन्ने अपेक्षा राख्दछु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यज्यूहरु**

चालु आ.व. ०७५।०७६ को लागि देहायको संसोधन सहितको आय र व्ययको अनुमानीत पूरक विनियोजन विधेयक पेश गर्दछु ।

**आय तर्फ :**

| आय शिर्षक | आ.व. २०७५।०७६ को प्रस्तावित पूरक अनुमान |
|---|---|
| **क.** संचित कोष (गत आर्थिक बर्षको बाँकी) | २२७७५१६१।७९ |
| **ख.** आन्तरिक आय | १६०९५५०।०० |
| **ग.** सवारी साधन करको राजश्व बाँडफाँड | ६३५२०००।०० |

| जम्मा | ३०७३६७११।७९ |
|---|---|

**व्यय तर्फ :**

| सि.न | बजेट शिर्षक | रकम |
|---|---|---|
| १ | पदाधिकारी सुविधा | १८,५४,००० |
| २ | संचार महशुल | २,००,००० |
| ३ | संचालन तथा मर्मत | २,००,००० |
| ४ | अन्य सेवा शुल्क | २३,००,००० |
| ५ | सिप विकास तालिम | २,००,००० |
| ६ | सरूवा भ्रमण खर्च | ३,००,००० |
| ७ | फिल्ड भत्ता | २,४०,००० |
| ८ | इन्धन अन्य | २,००,००० |
| ९ | बहुक्षेत्रिय पोषण | ५,८१,००० |
| १० | विपद व्यवस्थापन कोष | १८,००,००० |
| ११ | पत्रकारीता रिफ्रेस तालिम | २,५०,००० |
| १२ | श्रोत केन्द्र व्यवस्थापन | ७५,००० |
| १३ | कक्षा–८ को परिक्षा संचालन | २,००,००० |
| १४ | रात्रिकालिन सेवा भत्ता | २,१६,००० |
| १५ | जोखिम भत्ता | ६४,८०० |
| १६ | स्वास्थ्य कार्यालय अनुदान | ९०,००० |
| १७ | मेलमिलाप समिति तालिम | ४,००,००० |
| १८ | गाउँपालिका प्रोफाइल | २,००,००० |
| १९ | शैक्षिक सुधार कार्यक्रम | ११,००,००० |
| २० | टकिङ्ग पेन | २,५०,००० |
| २१ | आर्युवेद औषधि खरिद | २,००,००० |
| २२ | गाउँपालिका वृतचित्र | ५,००,००० |
| २३ | ई–हाजिरी | ६,००,००० |
| २४ | पर्यटन DPR | १०,००,००० |

**बजेट घटाएको शिर्षकहरू**

| सि.न | वजेट शिर्षक | रकम |
|---|---|---|
| १ | वन विकास कार्यक्रम | ५,००,००० |
| २ | कर्मचारी□पदाधिकारी तालिम | २,००,००० |
| ३ | बालबालिका कार्यक्रम | २,००,००० |

| | | |
|---|---|---|
| ४ | राष्ट्रिय दिवस | २,००,००० |

**पुजिगत तर्फ (पालिकास्तर)**

**बजेट थप गरिएको शिर्षकहरू :**

| **सि.न** | **बजेट शिर्षक** | **रकम** |
|---|---|---|
| १ | गा.पा. भवन निर्माण | ६०,००,००० |
| २ | २ न. वडा कार्यालय | ३,२१,१०२।६३ |
| ३ | ३ न. वडा कार्यालय | ६४,०२४।८४ |
| ४ | ४ न. वडा कार्यालय | ४०,००,००० |
| ५ | ७ न. वडा कार्यालय | ४,७९,०९४।८३ |
| ६ | ८ न. वडा कार्यालय | ४०,००,००० |
| ७ | चार पाग्रे सवारी | १०,००,००० |
| ८ | फर्निचर | १०,००,००० |
| ९ | मेशिनरी औजार | १,००,००० |
| १० | मर्मत सुधार कोष | १८,००,००० |

**बजेट घटाएको शिर्षकहरू :**

| **सि.न** | **बजेट शिर्षक** | **रकम** |
|---|---|---|
| १ | खोटाङ बजार चैनपुर सडम | १,५०,००० |
| २ | ५ न. वडाँ कार्यालय | १,२०,९२७।९० |
| ३ | ९ न. वडा कार्यालय | १४,७८५।७० |
| ४ | मोटरसाइकल | २,५०,००० |
| ५ | सोलार प्रणालि | २,६२,५९७ |

**पूजिगततर्फ वडा कार्यालयको योजना शंसोधन**

**वडा न. २**

(क) भीरखर्क दितुङ सडकको रू४,००,००० र तीनकन्या पोखरी निर्माणको रू ५,००,००० दुवै शिर्षक घटाई जम्मा रू ९,००,००० मध्ये

(१) माने डाडाँ कपासे भञ्ज्याङ सडक मर्मत (१मि.नालि सहित ८ मि. चौडा) शिर्षकमा रू ६,००,००० र

(२) कपासे भञ्ज्याङ बजार व्यवस्थापन (मैदान निर्माण) मा रू ३,००,००० थप गर्ने

**वडा न. ५**

१. पोखरेटोल–साल्तेम सडक मर्मतमा ४,५०,००० छुट्याइएकोमा रू १,२५,००० घटाई ३,२५,००० कायम गरिएको।

२. १,२५,००० उक्त शिर्षकबाट धालाचुङ विद्युत पोल बोक्ने खन्ने र पुर्ने शिर्षकमा थपगरिएको।

**वडा नं ६**

१. शैक्षिक सामाग्री खरिद रू १,००,००० बाट रू २५,००० घटाई रू ७५,००० कायम गरिएको।

२. अपाङ्ग आय आर्जन कार्यक्रमको योजना रू ५०,००० बाट परिमार्जन गरी चिप्लेटार– इन्द्राणीपोखरी (वडा कार्यालय) खानेपानि योजना निर्माणमा थप गर्ने र शैक्षिक सामाग्री खरिदबाट परिमार्जन गरिएको रकम रू २५,००० पनि त्यहि चिप्लेटार–इन्द्राणीपोखरी (वडा कार्यालय) खानेपानि योजना निमाणमा थप गरी जम्मा रू १,७५,००० बनाउने।

**वडा न. ७**

१. खोटाङबजार चैनपुर सडक स्तरउन्नती रू १०,००,००० लाई परिवर्तन गरि रू ८,५०,००० कायम गरिएको।

२. उक्त योजनाबाट बचेको रू १,५०,००० लाई कम्पनि धारा मर्मत योजनामा रू ७०,००० थप गरी उक्त योजनालाई रू १,२२,७९१ बनाएको।
३. उक्त बचत रू ८०,००० बाट हुलाक कार्यालयको पर्खाल माथि रेलिङ निर्माण गर्न रू ४५,००० कायम गरिएको।

४. उक्त योजनाबाट बचत रू ३५,००० लाई हटिया–बसपार्क जाने बाटो निमार्ण योजनामा कायम गरिएको।

**वडा न. ८**

१. हिउँदे सिँचाई ट्याँकी निमार्ण ओखरबोटेको लागि रू १,००,००० रकम विनियोजन गरिएकोमा उक्त योजना संचालन नभएकोले गर्दा उक्त रकम विद्युत सामाग्री खरिद योजनामा थप गरि रू २,००,००० कायम गरिएको ।

**श्रद्धेय अध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरु**

योजना कार्यान्वयनमा रकमको दुरुपयोग र काममा हेलचेक्र्याईंको प्रवृति अन्त्यका लागि वडा र गाउँपालिका दुवै तहबाट कार्यान्वयनमा आउने सबै कार्यक्रमहरुको नियमित तथा वस्तुगत अनुगमन हुने र अनुगमनका क्रममा कैफियत भेटिएमा त्यस विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने चालु अभ्यासलाई निरन्तरता दिइने व्यहोरा समेत म यो सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।
अन्त्यमा, धैर्यतापूर्वक कार्यक्रम तथा बजेट सुनिदिएर साथ दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रमको नतिजामूलक कार्यान्वयन सबैको साथ र हातेमालोबाट मात्र संभव हुने कुरा स्मरण गराउँदै बिदा हुन चाहन्छु ।
धन्यवाद, नमस्कार ।

**कविता राई**
**उपाध्यक्ष तथा**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक**